# यमुनामाई गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः संख्याः१ मितिः २०८१|०७|०२

**भाग-१**

## यमुनामाई गाउँपालिका

### कर्मचारी तह वृद्धि/स्तर वृद्धि/ तह मिलान सम्बन्धी कार्यविधि, २०८१

**सम्वत २०८१ सालको कार्यविधि १**

**कर्मचारी तह वृद्धि/स्तर वृद्धि/ तह मिलान सम्बन्धमा व्यवस्था गर्न बनेको कार्याविधि**

आज्ञाले

नामः राम श्रेष्ठ राय यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

# कर्मचारी तह वृद्धि/स्तर वृद्धि/तह मिलान सम्बन्धि कार्यविधि, २०८१
## कार्यपालिकाबाट स्वीकृत मिति २०८१।०५।१०

**प्रस्तावना :**

“मधेस प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१” मा रहेको तहवृद्धि सम्बन्धि प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनिय भएकोले स्थानिय सेवा ( गठन तथा संञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी यमुनामाई गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१. सँक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम “कर्मचारी तह वृद्धि सम्बन्धि कार्यविधि, २०८१” रहेको छ ।

२. यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. “ऐन” भन्नाले मधेस प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ लाई सम्झनुपर्छ ।

२. “कार्यालय” भन्नाले यमुनामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ

३. “प्रदेश” भन्नाले मधेस प्रदेश सम्झनु पर्दछ ।

४. “गाउँपालिका” भन्नाले यमुनामाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

५. “कार्यपालिका” भन्नाले यमुनामाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

६. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यमुनामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

७. “कर्मचारी” भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

८. “तह वृद्धि” भन्नाले ऐनको दफा ४ र २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्छ ।

९. “तह मिलान” भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौ तहमा सिफारीस भई नियुक्त भएका कर्मचारीलाई नियुक्ति मिति देखी लागु हुने गरी एक पटकका लागि सातौ तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

१०. “प्रदेश लोकसेवा आयोग” भन्नाले मधेस प्रदेशको लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

११. “सिफारीस समिति” भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारीस समितिलाई सम्झनु पर्दछ ।

१२. “मन्त्रालय” भन्नाले मधेश प्रदेशको मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

१३."स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानिय तहमा रहने स्थानिय सेवा सम्झनु पर्दछ ।

१४. "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ ।

**३. सुचना प्रकाशन गर्ने :**

१. यो कार्यविधि बमोजिम यमुनामाई गाउँपालिकाको स्थानिय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको पौष र असार महिनामा कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आव्हान गरिनेछ ।

२. उपदफा १ बमोजिम प्रकाशित सुचना कार्यालयको वेबसाईट र सुचना पाटीमा प्रकाशन गरि सार्वजनिक गरिनेछ ।

**४. सिफारीस समिति :**

१. ऐनको दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ बमोजिम गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि गर्न तथा दफा ८ को उपदफा २२ बमोजिम तह मिलान गर्न ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको तह वृद्धि सिफारीस समिति रहनेछ ।

२. समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

३. समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. सिफारीस समितिको काम, कर्तव्य र अधिकार :** सिफारीस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सुचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

२. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धि तथा तह मिलानको लागि कार्यपालिकाले सिफारीस गर्ने ।

३. यस कार्यविधिको दफा १४ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने ।

**६. सिफारीस :**

१. दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारीस समितिले अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारीस गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिम सिफारीस गर्दा कर्मचारीको तह वृद्धि हुनु पुर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा ज्येष्ठतालाई आधार मानि क्रम निर्धारण गरी सिफारीस गर्नुपर्नेछ ।

३. यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसुचि २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिईनेछ ।

**७. तह वृद्धिको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधि :**

१. यस कार्यविधि बमोजिम हुने तह वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४, ८,२८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्युनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनपर्नेछ ।

**८) तह वृद्धि/तह मिलान सम्बन्धि विशेष व्यवस्था :**

१. ऐनको दफा ८ को उपदफा २२ बमोजिम स्थानिय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारीस भई स्थानिय तहमा नियुक्त भएका अधिकृत छैटौ तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखी लागु हुने गरी सातौ तहमा तह मिलान गरि दिनेछ ।

२. ऐनको दफा ८ को उपदफा २३ बमोजिम साविक स्थानिय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति पाई दश बर्ष वा सो भन्दा बढि सेवा अवधि पुरा गरि छैटौ तहमा स्तरबृद्धि भई कार्यरत रहेका र सातौ तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेको कर्मचारीलाई दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारीसको आधारमा अख्तियारवालाले एक पटकको लागि सातौ तह कायम गरिदिने छ ।

३. ऐनको दफा ४ को उपदफा ६ बमोजिम समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानिय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैटौ, सातौ, आठौ तहको कर्मचारीहरु स्थानिय तहको समान पदमा समायोजन भई यो ऐन जारि हुँदाको बखतसम्म पाँचौ बर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखी नै ज्येष्ठता कायम हुने गरी अख्तियारवालालले एक तह स्तरबृद्धि गरि दिनेछ । यसरी स्तरबृद्धि हुने पद स्वतः सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वत : खारेज भई जानेछ ।

४. ऐनको दफा २८ को उपदफा १ मा स्थानिय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह बृद्धि वा बढुवा प्रयोजनका लागि ज्येष्ठता गणना गर्दा तहबृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अधिको सेवा समुहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट ज्येष्ठता कायम हुनेगरि सेवा अवधि गणना गरिनेछ ।

५. ऐनको दफा २९ को उपदफा १ मा स्थानिय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ३ बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तिन बर्षको कार्यसम्पादन मुल्याँकनमा औषत अस्सी प्रतिशत अँक प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा समुह वा उप समुहमा तहवृद्धि गरिनेछ ।

यसरी तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन । तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह बृद्धि नभएका कर्मचारहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

६. ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय कार्यान्वयन गरी अनुसुची २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिईनेछ ।

**९) तह बृद्धि वा बढुवा रोक्का हुने :** यस कार्यविधिमा अन्यत्त जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारीस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धि/स्तर वृद्धिका लागि सिफारीस गरिने छैन ।

१. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

२. तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बुढुवा रोक्का भएको अवधिभर,

३. तलब वृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का र भएको अवधिभर,

४. ऐनको दफा ४३ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले ३ बर्षको अवधिभर,

५. असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदा अवधिभर,

६. स्थानिय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**१०) तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का :** ऐनको दफा ३३ को उपदफा १ र २ मा भएको व्यवस्था विपरित तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन ।

**११) तह वृद्धि कार्यान्वयन :**

१. ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारीसका आधारमा कार्यपालिकाबाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकिय अधिकृतले कार्यान्वयन गर्नेछ ।

२. तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**१२) ज्येष्ठता कायम सम्बन्धि व्यवस्था :**

१. यस कार्यविधि बमोजिम तह बृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानिय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समुहको पदमा शुरु नियुक्ति मितिबाट लागु हुने गरी गणना गरिनेछ ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानिय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १,२ र ३ बमोजिम गणना गरिनेछ ।

**१३) जानकारी दिनुपर्ने :** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्ने छ ।

**१४) परामर्श :** ऐनको दफा १५७ को उपदफा २ बमोजिम स्थानिय तहले ऐन प्रारम्भ भएपछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धि कार्य गर्दा प्रदेश लोकसेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्नेछ ।

**१५) बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**१६) उजुरी/गुनासो :** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१७) प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको बिषयमा यसै कार्यविधि बमोजिम तथा मधेस प्रदेशको स्थानिय (सेवा गठन तथा सञ्चालन) ऐन,२०८१ र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

यमुनामाई गाउँपालिका

**अनुसुची १**
**(कर्मचारी तह वृद्धि कार्यविधिको दफा ६ को १ सँग सम्बन्धित)**
**तह वृद्धि/स्तर वृद्धि/तह मिलानको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति :-

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
यमुनामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
सरुअठा, रौतहट ।

**बिषय :- तह वृद्धि/स्तर वृद्धि/तह मिलान गरी पाउँ ।**

प्रस्तुत बिषयमा यस यमुनामाई गाउँपालिकाको तह वृद्धि सम्बन्धि मिति ......................................गतेको प्रकाशित सुचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सुचना बमोजिमको पदमा तह वृद्धि/स्तर वृद्धि/तह मिलान हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

**तपशिल**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. समायोजन पत्रको प्रतिलिपि ।
३. तिन आ.व.को कार्यसम्पादन मुल्याँकन फारम ।
४. नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
६. रमाना पत्र (सरुवा भई आएको कार्यालयबाट)

| **हाल कार्यरत रहेको पद** | **तह वृद्धि/मिलान गरिने पद** |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समुह/उपसमुह : | समुह/उपसमुहः |
| तह : | तह : |
| पदाधिकार रहेको कार्यालय : | पदाधिकार रहने कार्यालय : |

**माथि उल्लेख गरिएको सबै व्यहोरा ठिक साँचो हो, झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।**

**सहिछाप**

| **दायाँ** | **बाँया** |
|---|---|
| | |

निवेदक :

नाम :

दस्तखत :

कर्मचारी संकेत नम्बर :

यमुनामाई गाउँपालिका

अनुसुची १

(कर्मचारी तह वृद्धि कार्यविधिको दफा ६ को १ सँग सम्बन्धित)

तह वृद्धि/स्तर वृद्धि/तह मिलानको लागि पेश गर्ने निवेदनको ढाँचा

## तह वृद्धि/स्तर वृद्धि सम्बन्धि दरखास्त फारम

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम ....................................तहमा तह वृद्धि हुनको निमित्त यो आवेदन फारम भरी पेश गरेको छु।

१. आवेदकको नाम, थर : ........................................................................२. कर्मचारी संकेत नं. : ........................... ३. शुरु नियुक्ति मिति : ................................

४. हालको पद/तहको नियुक्ति मिति : .......................................................५. हालको तह/पद : ................................६. सेवा : ................................................

७. समुह : ................................. ८. उपसमुह : .................................. ९. पदाधिकार रहेको कार्यालयको नाम : ........................................................................

१०. हाल कार्यरत रहेको कार्यालय : ........................................................११. तह वृद्धि हुन दावी गरिएको तह : ........................................................................

### १२. सेवाको विवरण

| सि.नं. | कार्यालयको नाम (पछिल्लो तिन आ.व.) | सरुवा वा नियुक्ति मिति | हाजिर भएको मिति | हासिल गरेको उच्चतम शैक्षिक योग्यता | गयल कट्टी भएको भए ( मिति....देखी .....सम्म) | तलब बृद्धि भएको भए ( मिति ....देखी ....सम्म) | बढुवा रोक्का भएको भए ( मिति....देखी ....सम्म) | निलम्बन भएको भए ( मिति ....देखी ....सम्म) | नसिहत पाएको भए .मिति ....देखी ....सम्म) | असाधारण विदा लिएको भए (मिति ....देखी ....सम्म) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**१३. पछिल्लो तीन आर्थिक बर्षको कार्यसम्पादन मुल्याङ्कन फारम प्राप्त अङ्क (प्रतिशतमा) र कार्यरत रहेको कार्यालय**

| सि.नं. | आर्थिक बर्ष | कार्यालयको नाम | प्राप्त अङ्क (प्रतिशतमा) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**द्रष्टव्य : माथिको विवरणमा उल्लिखित सबै व्यहोरा प्रमाणित गर्ने कागजात संलग्न हुनु पर्नेछ।**

माथि उल्लिखित विवरणमा कुनै व्यहोरा झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने,

कर्मचारीको नाम :-

पद :-

दस्तखत :-

| दाँया | बाँया |
|---|---|
| | |

उपयुक्त व्यहोरा कार्यालयमा रहेको अभिलेख बमोजिम ठीक छ भनि सहिछाप गर्ने कार्यालय प्रमुख/तह वृद्धि सिफारीस समितिको अध्यक्षको,

नाम, थर :-

दर्जा :-

दस्तखत :-

मिति :-

कार्यालयको छाप :-

यमुनामाई गाउँपालिका

**अनुसुचि २**
**(कर्मचारी तह वृद्धि कार्यविधिको दफा ६ को ३ सँग सम्बन्धित)**
**तह वृद्धि/स्तर वृद्धि/तह मिलान पत्रको ढाँचा**

मिति :-

महाशय,

**विषय : तह वृद्धि/स्तर वृद्धि/तह मिलान गरिएको सम्बन्धमा ।**

तपाईलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति ..........................................गतेको निर्णयानुसार मधेस प्रदेश स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा .......बमोजिम तथा यमुनामाई गाउँपालिकाको मिति ...................................गतेको निर्णयानुसार मिति ..................देखी ज्येष्ठता कायम हुने गरी स्थानिय सेवामा तपशिल बमोजिमको तह वृद्धि/तह मिलान गरिएको छ । तह वृद्धि/तह मिलान हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना । तपाईले प्राप्त गर्नुभएको जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन कानुनको परिधिभित्र रही पारदर्शिता, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्यसम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएका छौ ।

**तपशिल**

| हाल कार्यरत पद | तह वृद्धि/स्तर वृद्धि/तह मिलान गरिने पद |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समुह/उपसमुह : | समुह/उपसमुहः |
| तह : | तह : |
| कार्यालय : | कार्यालय : |

नाम थर :
कर्मचारी संकेत नं. :

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम, धनुषा, मधेश प्रदेश ।
श्री लोकसेवा आयोग, केन्द्रिय कार्यालय, अनामगाउँ, काठमाण्डौ ।
श्री राष्ट्रिय किताबखाना , पुलचोक, ललितपुर ।
श्री प्रदेश लोकसेवा आयोग , जनकपुरधाम, धनुषा, मधेश प्रदेश ।
श्री प्रदेश किताबखाना, जनकपुरधाम, धनुषा, मधेश प्रदेश ।
श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गौर, रौतहट ।
श्री जिल्ला प्रशासन कार्यालय, गौर, रौतहट ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, गौर, रौतहट ।
श्री आर्थिक प्रशासन शाखा , यमुनामाई गाउँपालिका, सरुअठा, रौतहट ।

**आज्ञाले**
रामश्रेष्ठ राय यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

यमुनामाई गाउँपालिका